प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको**

**डिप्लोमा/प्रमाणपत्र तहको शैक्षिक शत्र २०८१/०८२ का लागि रजिष्ट्रेशन फाराम भर्ने बारेको**

**अत्यन्त जरुरी सूचना**

(सूचना प्रकाशित मिति २०८१।०६।०७)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट आंगिक, साझेदारी, सरकारी/सामुदायिक विद्यालय र निजी स्तरमा कार्यक्रम सञ्चालनको सम्बन्धन स्वीकृती पाएका शिक्षण संस्थाहरुको डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति बितरण तथा भर्ना सम्वन्धी निर्देशिका, २०८१ को दफा २८ बमोजिम रजिष्ट्रेशन समयावधि २०८१ मंसिर १६ गते सम्म तोकिएको हुंदा डिप्लोमा तथा प्रमाणपत्र तहका सम्पूर्ण कार्यक्रमहरुमा शैक्षिक सत्र २०८१/०८२ का लागि प्रवेश परीक्षामा उत्तीर्ण भई भर्ना प्रकृया संगै अध्यनरत विद्यार्थीहरुको रजिष्ट्रेशन फाराम समेत २०८१ आश्विन ०७ गते देखि मिति २०८१ मंसिर ०४ गते भित्रमा नियमित शुल्कमा र २०८१ मंसिर ०५ गते देखि २०८१ मंसिर १३ गते भित्र विलम्ब शुल्कमा तपसिल अनुसारको प्रक्रिया पुर्‍याई ITMS मा Online Entry गरी परिषद् अन्तर्गतका प्रदेश कार्यालयहरुमा रजिष्ट्रेशन फाराम बुझाउनु हुन सम्बन्धित सम्पूर्ण शिक्षण संस्थाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समयभित्र रजिष्ट्रेशन फाराम नबुझाएमा पछि रजिष्ट्रेशन नहुने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

साथै परिषद्, प्रदेश कार्यालय र शिक्षालयहरुले वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तथा पूर्ण शुल्कीय तर्फको प्रवेश तथा पुनः प्रवेश, Cut off, उत्तीर्ण सूचीबाट हुने परीक्षार्थीको भर्ना सम्वन्धी सम्पूर्ण प्रक्रिया (मुख्य उम्मेद्वबार र उत्तीर्ण सूचीबाट छनौट गर्ने समेत) मिति २०८१ मंसिर २ गते भित्रमा अनिवार्य रुपमा टुङ्गयाउनु पर्नेछ । साथै प्रमाणपत्र तह **सामान्य चिकित्सा, फार्मेसी, नर्सिङ्ग र मिडवाइफरी कार्यक्रम बाहेकका** कार्यक्रमहरुको हकमा पूनः प्रवेश परीक्षाको मिति २०८१ मंसिर ०२ गते भित्रमा ITMS online मा Entry गरी सक्नुपर्नेछ । त्यस पश्चात भर्ना प्रकृया नहुने र प्रवेश परीक्षाको लागि ITMS online entry बन्द हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**शर्तहरु :**

१. परीक्षा नियन्त्रण कार्यालयवाट शैक्षिक सत्र २०८१/०८२ का लागि विभिन्न मितिमा लिइएको डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रवेश तथा पुनः प्रवेश परीक्षाबाट उत्तीर्ण भएका डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका, २०८१ वमोजिम भर्ना भएका विद्यार्थीहरुको मात्र रजिष्ट्रेशन फाराम भराउनु पर्नेछ ।

२. परिषद्वाट स्वीकृत कोटा अनुसारको मात्र विद्यार्थी संख्या हुनु पर्नेछ ।

३. परिषद्वाट निजी स्तरमा कार्यकम सञ्चालनको सम्बन्धन/स्वीकृती पाएका शिक्षण संस्थाहरुले रजिष्ट्रेशन शुल्क प्रति विद्यार्थी रु. २,५००।- र संस्थागत विकास शुल्क प्रति विद्यार्थी रु. २,०००।- का दरले एकमुष्ट बुझाउनु पर्नेछ ।

४. परिषद्का आंगिक, साझेदारी, सरकारी/सामुदायिक विद्यालय अन्तरगत संचालित शैक्षिक कार्यकममा अध्ययनरत विद्यार्थीहरुको हकमा रजिष्ट्रेशन शुल्क प्रति विद्यार्थी रु. ५००।- का दरले एकमुष्ट बुझाउनु पर्नेछ ।

५. जेहेन्दार र वर्गीकृत छात्रवृत्ति अन्तर्गत छनौट भई भर्ना भएका अध्ययनरत विद्यार्थीहरुको रजिष्ट्रेशन र संस्थागत विकास शुल्क लाग्ने छैन ।

६. शिक्षण संस्थाले रजिष्ट्रेशन फाराम www.ctevtexam.org.np बाट download गरी both side print गरी विद्यार्थीहरुलाई वितरण गर्नुपर्नेछ र विद्यार्थीहरुले देहाय बमोजिमको कागजातहरु अनिवार्य रुपमा रजिष्ट्रेशन फाराम साथ संलग्न गर्नु पर्नेछ ।

(क) सक्कल प्रवेश पत्र संलग्न गर्नुपर्नेछ ।

(ख) SLC/SEE/TSLC/Pre-diploma को शैक्षिक योग्यताहरुको लब्धांक र चारित्रिक प्रमाणपत्रहरुको प्रतिलिपी ।

(ग) नागरिकता/जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपी ।

(घ) नेपाल बाहेक अन्य देशबाट एस.एल.सी./एस.ई.ई वा सो सरहको परीक्षा उतीर्ण गर्ने विद्यार्थीहरुले शैक्षिक प्रमाण पत्र, समकक्षता प्रमाणपत्रको प्रतिलिपी र माईग्रेशन प्रमाणपत्रको सक्कल प्रति पेश गर्नुपर्नेछ । राहदानी तथा प्रवेशाज्ञा आवश्यक पर्ने विदेशी मुलुकका विद्यार्थीको हकमा राहदानी तथा प्रवेशाज्ञा एवं अध्ययन अनुमति पत्रको प्रमाणित प्रतिलिपी र भारतीय नागरिकका हकमा सरकारी परिचयपत्रको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ ।

(ङ) कुनै एक शिक्षण संस्थाबाट प्रवेश परीक्षा दिई उत्तीर्ण भई अर्को शिक्षण संस्थाको कुनैपनि कार्यक्रममा भर्ना भएका प्रशिक्षार्थीहरुको हकमा सक्कल प्रवेशपत्र तथा नतिजाको फोटो कपी **हाइलाइट** गरी फाराम साथ पेश गर्नु पर्नेछ ।

(च) कुनै सरकारी वा गैह्र सरकारी निकाय तथा संघ, संस्थामा कार्यरत रही भर्ना अनुमति पाएका विद्यार्थीहरुको हकमा आफुले काम गर्ने कार्यालयको विभागीय स्वीकृत पत्र पेश गर्नु पर्नेछ ।

(छ) रजिष्ट्रेशन फाराममा पनि प्रवेश परीक्षा आवेदन फाराममा भएकै फोटो टांस्नु पर्नेछ ।

७. शिक्षण संस्थाहरुले रजिष्ट्रेशन फाराम तथा रजिष्ट्रेशन शुल्क बुझाउने मितिः -

- प्रशिक्षार्थीहरुले सम्बन्धित शिक्षण संस्थामा रजिष्ट्रेशन फाराम बुझाउने मिति : २०८१।०६।०७ देखि २०८१।०८।०४ गतेसम्म
- शिक्षण संस्थाले ITMS मा online Registration Entry गर्ने नियमित शुल्कको मिति : २०८१।०६।१६ देखि २०८१।०८।०४ गतेसम्म
- शिक्षण संस्थाहरुले रजिष्ट्रेशन शुल्क बैंक दाखिला तथा ITMS online मा voucher upload गर्ने नियमित शुल्कको अन्तिम मिति : २०८१।०८।०५ गते
- प्रशिक्षार्थीहरुले सम्बन्धित शिक्षण संस्थामा रजिष्ट्रेशन फाराम विलम्ब शुल्कमा बुझाउने मिति : २०८१।०८।०५ देखि २०८१।०८।१३ गतेसम्म
- शिक्षण संस्थाले ITMS मा online Registration Entry गर्ने विलम्ब शुल्कको मिति : २०८१।०८।०५ देखि २०८१।०८।१३ गतेसम्म
- शिक्षण संस्थाहरुले रजिष्ट्रेशन शुल्क बैंक दाखिला तथा ITMS online मा voucher upload गर्ने विलम्ब शुल्कको अन्तिम मिति : २०८१।०८।१४ गते

**नोटः शिक्षण संस्थाहरुले तोकिएको मिति भित्रमा शुल्क बैंक दाखिला तथा ITMS online मा voucher upload नगरेमा सोको दोव्वर शुल्क बुझाउनु पर्नेछ ।**

८. परीक्षार्थीहरुको रजिष्ट्रेशन फारामहरु शिक्षण संस्थाले CTEVT को Web Based Online Integrated Training Management System (ITMS) मा Submit गर्नु पर्नेछ र ITMS Online मा कार्यक्रम अनुसार Submit भएका रजिष्ट्रेशन समष्टिगत प्रिन्ट गरी प्रमाणित कपी अनुसार रजिष्ट्रेशन फाराम मिलाई Plastic Coated Index File मा फाईल गरी कार्यक्रम अनुसार फाईल पेश गर्नु पर्नेछ ।

(क) प्रवेश तथा पुनः प्रवेश परीक्षा उत्तीर्ण भएका विद्यार्थीहरुको प्रदेश कार्यालयबाट कार्यक्रम अनुसार प्रमाणित गरिएको सक्कल नतिजामा विद्यार्थीहरुको नाम र सिम्बल नम्बरमा **हाइलाइट** गरी पेश गर्नुपर्नेछ ।

(ख) निर्देशिकामा उल्लेख भएका कागजातका साथै शिक्षण संस्था/कार्यालयमा विद्यार्थीहरुले निवेदन दर्ता गरेको दर्ता किताब, माइन्यूटको प्रतिलिपी तथा नतिजामा विद्यार्थीहरुको नाम र सिम्बल नम्बरमा हाइलाइट गरी पेश गर्नुपर्नेछ ।

(ग) शिक्षण संस्थामा सञ्चालित सवै कार्यक्रमहरुमा प्रदेश कार्यालयबाट जारी गरिएको सक्कल बिल कुनै एक कार्यक्रममा राखी अन्य कार्यक्रमको फाइलमा बिलको प्रतिलिपी र विस्तृत विवरण उल्लेख गरेका पत्रहरु रजिष्ट्रेशन फाइलमा पेश गर्नु पर्नेछ ।

९. शिक्षण संस्थाहरुले सम्बन्धित परिषद्, प्रदेश कार्यालयको देहायको वैक खातामा रकम जम्मा गर्नुपर्नेछ : -

(क) प्रा.शि.व्या.ता.परिषद्, कोशी प्रदेश कार्यालय, ईटहरी, सुनसरीः रा.बा.बैङ्क, इटहरी शाखा, च. हि. नं. २५५०१०००१२७८००१,
(ख) प्रा.शि.व्या.ता.परिषद्, मधेश प्रदेश कार्यालय, जनकपुर, धनुषाः रा.बा.बैङ्क, जनकपुर शाखा, च.हि.नं. १५२०१००००२६३९००१,
(ग) प्रा.शि.व्या.ता.परिषद्, बागमती प्रदेश कार्यालय, मकवानपुर, हेटौडाः रा.बा.बैङ्क, हेटौंडा शाखा, च.हि.नं. १३००१००००३६६९००१,
(घ) प्रा.शि.व्या.ता.परिषद्, गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्कीः रा.बा.बैङ्क, पार्दी, पोखरा शाखा, च.हि.नं. ३५००१०००००२३४००१,
(ङ) प्रा.शि.व्या.ता.परिषद्, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देहीः रा.बा.बैङ्क, बुटवल शाखा, च.हि.नं. ३३६०१०००००३६१००१,
(च) प्रा.शि.व्या.ता.परिषद्, कर्णाली प्रदेश कार्यालय, बिरेन्द्रनगर, सुर्खेतः रा.बा.बैङ्क, सुर्खेत शाखा, च.हि.नं. ४०८०१०००१५५२८००१,
(छ) प्रा.शि.व्या.ता.परिषद्, सुदुर पश्चिम प्रदेश कार्यालय, धनगढी, कैलालीः रा.बा.बैङ्क, धनगढी शाखा, च.हि.नं. ४१७०१००००६५०८००१

१०. शिक्षण संस्थाहरुले रजिष्ट्रेशन फारामहरु इण्डेक्स फाइलमा राखी शिक्षण संस्थाको नाम, कार्यक्रम, इमेल र सम्वन्धित सम्पर्क व्यक्तिको मोवाइल नं, इमेल ठेगाना अनिवार्य रुपमा राखी सम्वन्धित परिषद्को प्रदेश कार्यालयमा मिति २०८१।०८।१६ गते कार्यालय समय भित्र अनिवार्य रुपमा बुझाउनुपर्नेछ ।

११. अन्य विस्तृत जानकारीको लागि परीक्षा नियन्त्रण कार्यालयको वेवसाइट www.ctevtexam.org.np हेर्नुहुन वा परीक्षा नियन्त्रण कार्यालय र परिषद्का सम्बन्धित प्रदेश कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**परीक्षा नियन्त्रक**